अन्नपूर्ण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
पोखरेबगर म्याग्दी
२०७३

सम्पर्क नं ९८५७६८३८१०
इमेल: ito.annamun@gmail.com
वेब:annapurnamunmyagdi.gov.np
G- Plus Code: FJJV+JH Sikha

गण्डकी प्रदेश, नेपाल


प.स. - ०८१/८२ (शिक्षा युवा तथा खेलकुद शाखा)
च.नं.- ४०

**विषयः प्रस्ताव पेस गर्ने सम्बन्धी सूचना !**
**(दोस्रो पटक प्रकाशित मितिः २०८१/०८/०२)**

प्रस्तुत विषयको सम्बन्धमा यस शाखाको चालु आ.ब. २०८१/८२ को गाउँपालिकातर्फ स्वीकृत **ICT For Friday कार्यक्रम अन्तर्गत आधारभूत तहमा प्रविधिमैत्री पूर्वाधार विकास एवं विस्तार कार्यक्रमका लागि रु. १५ लाख विनियोजन भएको** र उक्त स्वीकृत बजेटको परिधिभित्र रही स्थानीय तहले विद्यालय प्रस्तावनाको आधारमा पहिलो चरणमा अति आवश्यक, उच्च विद्यार्थी संख्या र न्युन ICT पूर्वाधार एवं पहुँचको अवस्था भएका छनौंट विद्यालयमा गाउँ शिक्षा समितिको निर्णयानुसार निशुल्क Laptop, Projector र Projector Screen Wall Mount जस्ता सामाग्रीहरु वितरण गर्ने गरी सोको EBID समेत भईसकेको हुँदा इच्छुक तथा योग्य विद्यालयहरुले देहायको कागजातका साथ तोकिएको ढाँचामा कार्यक्रमको प्रस्ताव तयार गरी मिति २०८१/०७/२३ गतेभित्र पेश गरिसक्नुपर्ने गरी सूचना प्रकाशन भएकोमा हालसम्म न्युन संख्यामा मात्र प्रस्ताव पेश भएको र प्रस्ताव दाताहरुको दोस्रो सूचना प्रकाशन गरिदिन माग भई आएकोले सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र यस शाखामा आइपुग्ने गरी पेश गर्नुहुन जानकारीका लागि यो दोस्रो सूचना प्रकाशन गरिएको छ । म्याद नाघी वा रीत नपूगी प्राप्त प्रस्ताव उपर कुनै कारबाही हुनै छैन ।

गणेश बहादुर कटुवाल
शिक्षा अधिकृत

**देहायः**

**प्रस्तावका साथ संलग्न गर्नुपर्ने कागजात**

१. चालु आ.व. मा कुनै पनि निकाय र वडाको बार्षिक विकास कार्यक्रमसँग दोहोरोपन नपरेको बेहोरा सहित विद्यालयको निवेदन
२. तोकिए बमोजिमको प्रस्तावपत्र
३. कार्यक्रमको आवश्यकता र ICT for Friday कार्यक्रम कार्यान्वयन गर्न विद्यालयमा पर्यावरण तयार गर्ने, गराउने प्रतिवद्दता सहित विद्यालय ब्यवस्थापन समितिको निर्णय

अन्नपूर्ण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
पोखरेवगर म्याग्दी
२०७३
गण्डकी प्रदेश, नेपाल

सम्पर्क नं ९८५७६८३८१०
इमेल: ito.annamun@gmail.com
वेब:annapurnamunmyagdi.gov.np
G- Plus Code: FJJV+JH Sikha

प.स. - ०८१/८२ (शिक्षा युवा तथा खेलकुद शाखा)
च.नं.- ४१

मितिः २०८१/०८/०२

श्री सबै आधारभूत तह (कक्षा १-८) र माध्यमिक विद्यालयहरु,

अन्नपूर्ण गाउँपालिका, म्याग्दी ।

**विषयः कार्यक्रम प्रस्ताव पेश गर्ने सम्बन्धमा दोस्रो पटक जानकारी गरिएको सम्बन्धमा ।**

प्रस्तुत विषयको सम्बन्धमा यस शाखाको चालु आ.ब. २०८१/८२ को बार्षिक स्वीकृत सशर्त कार्यक्रम **विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम अन्तर्गत** देहाय बमोजिमको कार्यक्रम, अनुदान रकम र कोटा संख्या रहेको हुँदा इच्छुक तथा योग्य विद्यालयहरुले देहायको कागजातका साथ तोकिएको ढाँचामा कार्यक्रमको प्रस्ताव तयार गरी मिति २०८१/०७/२३ गतेभित्र पेश गर्न सूचना प्रकाशन भएकोमा हालसम्म न्युन संख्यामा मात्र प्रस्ताव पेश भएकोले सूचना प्रकाशन भएको मितिले ७ दिनभित्र यस शाखामा आइपुग्ने गरी बाकी इच्छुक विद्यालयले पेश गर्नुहुन जानकारीका अनुरोध छ । म्याद नाघी वा रीत नपूगी प्राप्त प्रस्तावना उपर कुनै कारबाही हुनै छैन ।

देहायः

| क्र.स. | कार्यक्रम | जम्मा कोटा | प्रति विद्यालय अनुदान रकम | कैफियत |
|---|---|---|---|---|
| १ | विद्यालयमा पुस्तकालय, प्रयोगशाला तथा ICT ब्यवस्थापन (फिक्सिङ, किताब खरिद तथा इ-पुस्तकालय समेत) | १ | रु. ६५००००।- | |

गणेश बहादुर कटुवाल
शिक्षा अधिकृत

**प्रस्तावका साथ संलग्न गर्नुपर्ने कागजात**

१. विद्यालयको माग निवेदन सहित तोकिए बमोजिमको प्रस्तावपत्र
२. कार्यक्रमको आवश्यकता र सम्पन्न गर्न सहजीकरण गर्ने प्रतिवद्दता सहित विद्यालय ब्यवस्थापन समितिको निर्णय
३. कार्यक्रमका लागि कुनै पनि निकायबाट हालसम्म अनुदान प्राप्त नगरेको र चालु आ.व.मा वडाको बार्षिक विकास कार्यक्रमसँग दोहोरोपन नपरेको बेहोरा सहित सम्बन्धित वडाको सिफारिस

***पूनश्चः कार्यक्रमको शिर्षक संयुक्त रहे पनि विद्यालयको आवश्यकता अनुसार विद्यालयमा पूस्तकालय वा ICT ल्याब मात्र व्यवस्थापन गर्न सकिने हुँदा प्रस्तावना सोहि बमोजिम तयार गर्न सकिनेछ । छनौट विद्यालयको आवश्यकता अनुसारका सामाग्रीहरुको स्पेशिफिकेसन सम्बन्धित विषयविज्ञको सहयोगमा स्थानीय तहबाट स्वीकृत गर्नुपर्नेछ ।***